REYNOLDSBURG CITY SCHOOLS

1868

# हाइब्रिड मोडेलमा स्थानांतरण १०१

*Empowering leaders who impact the NOW and innovate the FUTURE*

# Organization of this Document

- **यस प्रस्तुतिमा रहेका सबै जानकारी विस्तृत रूपमा <u>२०२०-२०२१ पठनपाठन सम्बन्धित अभिभावक र विद्यार्थीका लागी मार्गदर्शनमा</u> भेट्टाउन सकिन्छ।**

- **हाइब्रिड मोडल प्रक्रियाहरू**

आधारभूत जानकारी, अनुहार ढाक्ने आवश्यकताहरू, आगमन, छुट्टी(बिदा) र बस प्रक्रियाहरू; कक्षा कोठाका अपेक्षाहरू; शौचालय र हलवे (hallway) प्रक्रिया र अपेक्षाहरू; ब्रेकफास्ट, दिउँसोको खाजा, र खेल्ने समयका प्रक्रिया र अपेक्षाहरू, उपस्थितिका लागि दिशानिर्देशहरू, महामारी सम्बन्धित सुरक्षा विचारहरू

- **हाइब्रिड शिक्षण तालिका**

# हाइब्रिड मोडेलका आधारभूत

- हाइब्रिड मोडेलमा भर्ना भएका विद्यार्थीहरूका लागी हप्तामा २ दिन आमनेसामने शिक्षण तोकिने छ:
    - सोमवार/मंगलवार वा
    - बिहीवार/शुक्रबार
- अन्य तिन दिन दूर शिक्षणमा व्यतीत गर्ने छन्।
- विद्यार्थीले उनीहरूलाई प्रदान गरेको हाइब्रिड शिक्षणका लागी तोकिएको अनुसूचीको पालना गर्ने छन्। बुधवारको अनुसूची भिन्न देखिने छ।

# भर्चुअल एकेडेमीका आधारभूत

- कक्षाहरू लाइभ स्ट्रिम हुनेछन्, र आर.सी.एस भर्चुअल एकेडेमीमा भर्ना भएका विद्यार्थीहरूलाई वर्षको सुरुदेखिका उनीहरूका शिक्षकहरूले नै निर्देशित गर्नेछन्।
- आर.सी.एस भर्चुअल एकेडेमीमा भर्ना भएका K-१२ ग्रेडका विद्यार्थीहरूले आफ्ना साथीहरूको जस्तै तालिका प्रयोग गरेर शिक्षणमा भाग लिइने छन्।

# मास्क/अनुहार ढाक्ने

- सबै शिक्षकहरू, कर्मचारीहरू, र विद्यार्थीहरूले कपडा वा प्रयोग गरी फ्याल्ने मिल्ने मास्क लगाउनु पर्ने छ।
  - अभिभावकले विद्यार्थीलाई मास्क दैनिक रूपमा प्रदान गर्नुपर्ने छ।
  - चिकित्सकीय कारण सम्भव नभएका जोकोहीले अनुहार ढाक्न छुट अनुरोध फाराम भर्न सक्ने छन्। स्वीकृति दिइन्छ भनि गरेंटी छैन। यस सम्बन्धित फाराम RCS वेबसाइटमा कोभेड-१९ अद्यावधि अन्तर्गत विद्यार्थीको अनुहार ढाक्न छुट अनुरोध फाराम प्राप्त गर्न सकिने छ।

- विद्यार्थीलाई मास्कबाट ब्रेक दिन शिक्षकहरूले दिन भरीका लागी समय तोकिएको हुन सक्ने छ।
  - विद्यार्थीहरूले मास्क ब्रेकका बखत कम्तीमा ६ फिटको सामाजिक दूरी कायम गर्नुपर्ने छ।

# विद्यालय जानको लागि निर्देशन

**कृपया तपाइका बाल-बच्चालाई कोविड-१९ का लक्षणहरू भए नभएको जाँच गर्नुहोस् र यदि कुनै लक्षण देखा परेमा बच्चालाई विद्यालय नपठाउनुहोस् जसमा निम्न लक्षणहरू रहेका छन्**

- १००.४ वा सो भन्दा माथिको ज्वरो भएमा
- स्वाद वा गन्ध हराउनु
- खोकी/खासी
- घाँटी दुख्नु
- स्वास-प्रस्वासमा समस्या
- रुघा लाग्नु
- थकाइ
- वान्त लाग्नु वा वाक-वाकी हुनु
- सरीर दुख्नु
- पखाला लाग्नु
- टाउको दुख्नु

# आमा-बाबु र अभिभावकले अनिवार्य......

- कृपया आफ्ना बाल-बच्चाको तापक्रम प्रत्येक बिहान विद्यालय पठाउनु अगाडी लिइनुहोस्, र तपाइको बच्चा स्कूलमा बिरामी भएको अवस्थामा घर ल्याउन उपलब्ध रहनुहोस्।
- विद्यालयले सम्पर्क गर्नु परेको खण्डका लागी सुचारु फोन र भरपर्दो नम्बर स्कूललाई प्रदान गर्नुहोस्।
- यदि बच्चा बिरामी भएमा, तपाइको बच्चाले औषधि नखाइकन २४ घण्टासम्म ज्वरो मुक्त रहेमा वा लक्षणमा सुधार आएमा, उनीहरूको कोभेड-१९ परीक्षण नेगेटिभ आएमा विद्यालयमा फर्कन सक्ने छन्।
- यदि तपाइको बच्चा वा अन्य परिवारका सदस्य कोभेड-१९को संसर्गमा आएमा विद्यालयलाई जानकारी गराउनुहोस्।

# बसमा सवार गर्ने प्रक्रियाहरू

- बस रोकिने स्थानमा पर्खिँदा, विद्यार्थीहरूले मास्क लगाउनु पर्ने छ र कम्तीमा ६ फिटको सामाजिक दूरी कायम गर्नुपर्ने छ।
- बसमा सबै विद्यार्थीहरूको लागि तोकिएको सीट प्रदान गरिनेछ। एक सिटमा अधिकतम दुई जना विद्यार्थीहरूलाई अनुमति दिइनेछ, तिनिहरू दाजुभाइ-दिदी बहिनीहरू नभएसम्म उनीहरूलाई एकै सिटमा बस्न दिइँदैन।
- जबसम्म मास्क लगाउन छुट स्वीकृत हुँदैन तबसम्म विद्यार्थीहरूले अनुहारमा मास्क अनिवार्य लगाउनु पर्ने छ।
- बसहरू प्रत्येक राउट पुरा गरे पछि सफा गरिने छ।
- सामाजिक दूरीको कायम सधैँ गरी राख्नु पर्ने छ।

# स्कूलमा आगमनका प्रक्रियाहरू

- जबसम्म मास्क लगाउन छुट स्वीकृत हुँदैन तबसम्म विद्यार्थीहरूले अनुहारमा मास्क अनिवार्य लगाउनु पर्ने छ।
- विद्यार्थीले स्कूलमा आइ सके पछि उनीहरूका लागी तोकिएको द्वारबाट मात्र प्रवेश गर्न मिल्ने छ।
- विद्यालयमा प्रवेश गर्ने बित्तिकै विद्यार्थीहरूले तुरुन्त पहिलो कक्षामा रिपोर्ट गर्नेछन् र उनीहरूको हात  धुनु पर्ने छ / सेनिटाइज गर्नु पर्ने छ।
- सामाजिक दूरीको कायम सधैँ गरी राख्नु पर्ने छ।

# <Insert Building/School Name> Specific Procedures for Arrival at School

- <Insert List Here>

*Empowering leaders who impact the NOW and innovate the FUTURE*

# कक्षा कोठाका प्रक्रिया र अपेक्षाहरू

- जबसम्म जिल्लाबाट आधिकारिक मास्क छुट हुँदैन वा कक्षा शिक्षकले विद्यार्थीलाई मास्क ब्रेकको लागि स्वीकृत गरिएको हुँदैन तबसम्म सबै विद्यार्थीहरूले जुनसुकै बेला मास्क लगाई राख्नु पर्ने छ।
- विद्यार्थीलाई डेस्क तोकिने छ र कक्षा कोठामा डेस्कहरू सामाजिक दूरीको लागि कम्तीमा ३ फिटको दूरीमा राखिन्छ।
- विद्यार्थीहरूले कक्षा कोठा परिवर्तन गर्दा वा कक्षाका सार्वजनिक कक्षा सामाग्री प्रयोग गर्नु अघि र पछाडि आफ्ना हात धुनु वा सेनिटाइज गर्नु पर्ने छ।
- हलवे (hallway)/कक्षा कोठाका पिउने पानीका धाराहरू प्रयोग गरिने छैन र विद्यार्थीले व्यक्तिगत पानीको बोतल ल्याउनु पर्ने छ।
- क्रोमबूक झोलामा हालेर स्कूलमा ल्याउने र स्कूलबाट लाने गरिनु पर्ने छ ।

# शौचालयका प्रक्रिया र अपेक्षाहरू

- जिल्लाले मास्क लगाउन छुट गरिएको छैन भने शौचालयमा रहेको समयमा मास्क जहिले पनि मास्क पहिरिएको हुनु पर्ने छ ।
- एक पटकमा सीमित संख्यमा विद्यार्थीहरूलाई शौचालयमा प्रवेश अनुमति दिइनेछ।
- शौचालय भित्र र बाहिरका प्रतीक्षा क्षेत्रहरूमा र उपलब्ध शौचालय सुविधाहरूमा सामाजिक दूरी सुनिश्चित गर्नका लागि चिनो लगाइनेछ।
- विद्यार्थीहरूले शौचालय प्रयोग गरेपछि आफ्ना हातहरू धुने / सफा गर्ने छन्।
- शौचालयहरू दिन भरीमा बारम्बार सफा गरिने छ।

*Empowering leaders who impact the NOW and innovate the FUTURE*

# हलवेका (Hallway) प्रक्रिया र अपेक्षाहरू

- विद्यार्थीहरूले हलवेमा (hallway) यात्रा गर्दा तीन देखि छ फिटको  सामाजिक दूरीको कायम गर्नु पर्ने छ र अन्य भवन द्वारा निर्धारित कुनै दिशात्मक ढाँचा पछयाउनु पर्ने छ।
- हलवेमा(Hallway) यात्रा गर्दा मास्कहरू साँधै पहिरिनु पर्ने छ।

# खेल्ने समयका (recess) प्रक्रिया र अपेक्षाहरू

- विद्यार्थीहरूले खेल्ने समय अघि र पछिको समयमा उनीहरूले आफ्ना हात धुने छन्/ सेनिटाइज गर्ने छन्|
- विद्यार्थीहरूलाई जहिले पनि ३-६ फिटको सामाजिक दूरी कायम गर्न प्रोत्साहित गरिनेछ|
- जिल्लाले आधिकारिक रूपमा मास्क लगाउन छुट गरिएको छैन भने वा विद्यार्थीलाई मस्क ब्रेकका लागी स्वीकृत गरिएको छैन भने खेल्ने समयमा मास्क आवश्यक गरिने छ|
- भवन भित्र खेल्नु पर्ने स्थितिमा, मास्क लगाई राख्नु पर्ने छ र विद्यार्थीहरूले सबै खाले क्रियाकलापका क्रममा कम्तीमा ३ फिटको सामाजिक दूरी कायम गर्नु पर्ने छ|

# बिहानको नस्ता र दिउँसोको भोजनका प्रक्रिया र अपेक्षाहरू

- विद्यार्थीहरूले  सबै खाले खाना खानु अगाडी र खाना खाई सकेपछि हात धुने छन् वा सेनिटाइज गर्ने छन्।
- बिहानको ब्रेकफास्ट टिपेर जाने गरिनु पर्ने छ।
- लन्चका लागी लाइनमा पर्खंदा तीनदेखि छ फिटसम्मको सामाजिक दूरी कायम राख्नु पर्ने छ। विद्यार्थीलाई लाइनमा बस्न सहायता प्रदान गर्न चिन्हहरू भित्तामा वा भुइमा लगाइने छ।
- सबै विद्यार्थीहरूले खाजा किन्न विद्यार्थी आइडि कार्ड स्क्यान गर्नेछन्। यदि कुनै विद्यार्थीसँग कार्ड छैन भने, भुक्तानी गर्ने स्थानमा विद्यार्थीले आफ्नो  नाम क्यासियरलाई दिनु पर्ने छ।
- खाजा खाने टेबुलको सामाजिक दूरी कम्तीमा ३  फिटको दूरीमा राखिने छ,  विद्यार्थीहरू  एक-अर्कबाट कम्तीमा ३ फिटको दूरीमा बस्नु पर्ने छ।

# स्कूलबाट बाहिरिदाका र बसका प्रक्रियाहरू

- बस सवार, कार सवार, र पैदल यात्रा गर्नेलाई छुट्टा-छुट्टै समयमा बर्खास्त गरिने छ। जबसम्म जिल्लाबाट छुट स्वीकार गरिएको हुँदैन तबसम्म छुट्टी हुँदै गरेको समयमा र स्कूल बसमा सवार हुँदा विद्यार्थीहरूले अनुहारमा मास्क अनिवार्य लगाउनु पर्ने छ।
- स्कूल बसमा होस् अथवा भवनबाट बाहिर निस्किँदा, सामाजिक दूरी सधैँ कायम गरी राख्नु पर्ने छ।
- प्रत्येक स्कूल दिनको अन्त्यमा बसहरू सरसफाइ गरिने छ।

# <Insert Building/School Name> Specific Dismissal from School and Bus Procedures

- <Insert list here>

# महामारी संबंधित अन्य सुरक्षाका विचारहरू

- आगन्तुक वा स्वयंसेवकहरूलाई भवनहरूमा प्रवेश निषेध छ।
- जो अभिभावकहरू विद्यालयमा वस्तुहरू खसाल्न वा विद्यार्थीको हाजिरी गराउन वा विद्यार्थी पुर्याउन वा घर लैजान आउनुहुन्छ वहाँहरूले अनिवार्य मास्क लगाएको हुनुपर्ने छ र भवनको कार्यालयमा निर्देशित सामाजिक दूरीको पालना गर्नु पर्ने छ। अभिभावक भेलाहरू सकेसम्म पूर्वरूपमा अनलाइन (भर्चुअल) मार्फत गरिनु पर्ने छ।
- कुनै पनि ठूला खाले विद्यार्थी सामूहिक भेलाहरू आयोजना गरिने छैन।
- भ्रमणका क्रियाकलापहरूका लागी अनुमति दिइने छैन।
- बाल-बच्चासँग राम्रो सरसफाइका बानीहरूका विषयमा छलफल गर्नुहोस्, जस्तै कम्तीमा २० सेकेन्डसम्म आफ्ना हात धुने इत्यादि।
- आफ्ना बाल-बच्चालाई सामाजिक दूरी सधैँ कायम गर्न सम्झाउनुहोस्।
- प्रत्येक दिन आफ्ना विद्यार्थीलाई विद्यालय पठाउनु अगाडी उनीहरूको तापक्रम लिइनुहोस् र कुनै प्रकारका लक्षणहरू भए-नभएको जाँच गर्नुहोस्।

REYNOLDSBURG CITY SCHOOLS

1868

*Empowering leaders who impact the NOW and innovate the FUTURE*

Slides beyond this point can be copied for use.

Font: Georgia

# Blank Slide

<Text>

# Blank Section Slide

## <Section Title>

***<text>***

*Empowering leaders who impact the NOW and innovate the FUTURE*

# <Blank 2 Column>

## <Column 1>

## <Column 2>